महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## हरिपुर नगरपालिका, सर्लाही

## ८०२१९४०९३००

## हरिपुर नगरपालिका , सर्लाही

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८१/८२ मिति : २०८१-६-९
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
हरिपुर नगरपालिका, सर्लाही ,
हरिपुर नगरपालिका , सर्लाही

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।०५।० मा छलफलपश्चात् तयार गरिएको पाना अनुसुची सहित पाना ७० को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

राजकुमार बोहरा
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार,काठमाडौं,
control@moha.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मलंगवा सर्लाही ।,
sarlahi.dtco@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्वेश्य छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ६६८६ वर्ग किलोमिटर ४३२३३ जनसंख्या तथा घर संख्या ८३५० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि२०८१।०५।०४ देखि २०८१।०५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोबार लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.सङ्केत | राजस्व, अनुदान र अन्य प्राप्ति | चालु आ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| ११००० | कर | १०९२५८५४९.४३ | १०९२५८५४९.४३ | १०१८४२५२५.३४ | १०१८४२५२५.३४ |
| १३००० | अनुदान | ३१४७०४०८४. | ३१४७०४०८४. | ३५८९२१७५०. | ३५८९२१७५०. |
| १४००० | अन्यराजस्व | ५३५५५६८.०४ | ५३५५५६८.०४ | ७६७३१२२.८८ | ७६७३१२२.८८ |
| १५००० | विविधप्राप्ति | १०,०००.०० | १०,०००.०० | ० | ० |
| क | कुलजम्मा प्राप्ति | ४२९३२८२०१.४७ | ४२९३२८२०१.४७ | ४६८४३७३९८.२२ | ४६८४३७३९८.२२ |
| ३ | चालु | ३०७७१०५००.३७ | ३०७७१०५००.३७ | ३४५३७९३७७.६ | ३४५३७९३७७.६ |
| २१००० | पारिश्रमिक / सुविधा | १५८२५४०८४.३ | १५८२५४०८४.३ | १६६१६३९७३.६२ | १६६१६३९७३.६२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ११४५४२०३१.८५ | ११४५४२०३१.८५ | ११६३३४७७७.४१ | ११६३३४७७७.४१ |
| २५००० | सहायता (Subsidy) | ७०७८९३.८४ | ७०७८९३.८४ | २०२४७९१.४३ | २०२४७९१.४३ |
| २७००० | सामाजिकसुरक्षा | ३१५७८९३.८ | ३१५७८९३.८ | ३८५२२३८.९५ | ३८५२२३८.९५ |
| २८००० | अन्यखर्च | ३१०४८५९६.५८ | ३१०४८५९६.५८ | ५७००३५९६.१९ | ५७००३५९६.१९ |
| ४ | पूंजीगत | १२८२९७९५९.७३ | १२८२९७९५९.७३ | १५००९३७५१.७६ | १५००९३७५१.७६ |
| ३१११० | भवनतथा संरचना | ० | ० | १४९६२३१८.३४ | १४९६२३१८.३४ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४०७३८७६.१२ | ४०७३८७६.१२ | ८६९५७१५.७३ | ८६९५७१५.७३ |
| ३११३० | अन्यपूँजीगत खर्च | ० | ० | ८७०६७९९.२७ | ८७०६७९९.२७ |
| ३११४० | सुरक्षाउपकरण | ० | ० | ४०००००. | ४०००००. |
| ३११५० | सार्वजनिकनिर्माण | १२१७५४२५४.१८ | १२१७५४२५४.१८ | ११५२७३४२८.०१ | ११५२७३४२८.०१ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ० | ० | ६८३७१४.२ | ६८३७१४.२ |
| ३११७० | पूँजीगतसुधार खर्च | १५२४२३०.७१ | १५२४२३०.७१ | १०७१७७६.२१ | १०७१७७६.२१ |
| ३१२२० | मौज्दातसामानहरु | ९४५५९८.७२ | ९४५५९८.७२ | ३०००००. | ३०००००. |
| ख) | कुलजम्मा भुक्तानी | ४३६००८४६०.१ | ४३६००८४६०.१ | ४९५४७३१२९.३६ | ४९५४७३१२९.३६ |
| ग) | बचत /कमी (ग = क-ख ) | -६६८०२५८.६३ | -६६८०२५८.६३ | -२७०३५७३१.१४ | -२७०३५७३१.१४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १६२८७३८०.०५ | १६२८७३८०.०५ | -१३०७६४६१.३३ | -१३०७६४६१.३३ |
| घ.१) | कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | | | -६१,५५२.२८ | -६१,५५२.२८ |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ९६०७१२१.४२ | ९६०७१२१.४२ | -४०११२१९२.४७ | -४०११२१९२.४७ |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | १५६४७९८६४.७६ | १५६४७९८६४.७६ | २०१२०३३४७.९१ | २०१२०३३४७.९१ |
| छ) | विनिमयनाफा/घाटा तथा अन्य समायोजन | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १६६०८६९८६.१८ | १६६०८६९८६.१८ | १६१०९११५५.४४ | १६१०९११५५.४४ |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४३६८६०००।, र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ६३००००। समेत गरी रु १४४१६०००। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **घटि जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १५६४७९८६४।७६ मौज्दात रहेकोमा यो वर्ष रु. १५४०७८१८६।५९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२४०१६७८।१७ घटी जिम्मेवारी सारेको देखिन्छ । घटि जिम्मेवारी आम्दानी बाध्नुको कारण उल्लेख गरेको छैन । पालिकाको आर्थिक विवरणले यर्थाथ आर्थिक कारोबार चित्रण गरेको छैन । न्यून जिम्मेवारीको सम्वन्धमा यकिन गरी हिसाव मिलान विवरण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,०१,६७८.१७ |

५ **बैंक हिसाव मिलान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रहेको छ । हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८१।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१।३।३१ को बाँकी | फरक रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग२.१, चालूखर्चखाता- विजोरवर्ष | ४,६१,१७,७३८.५० | ४,६१,६०,२८३.४५ | | |
| २ | ग२.३, पुँजिगतखर्चखाता- विजोरवर्ष | ५,३१,७४,९४५.६८ | ५,३१,७४,९४४.६८ | | |
| ३ | ग२.७, विविधखर्चखाता | ६,६०,६२७.९८ | ६,६०,६२७.९८ | | |
| ४ | ग३.१, स्थानीयतहधरौटीखाता | ८१,७८,०१९.१५ | ८१,७८,०१९.१५ | | |
| ५ | ग४.१, स्थानीयतहसञ्चितकोषखाता | ४,२८,६६,५०२.९७ | ०.०० | ४,२८,६६,५०२.९७ | |
| ६ | ग७.२, स्थानीयतहप्रकोपव्यवस्थापनकोषखाता | १,५७,२६,३७६.५३ | १,५७,२६,४९१.५३ | | |
| ७ | ग१.१, आन्तरिकराजस्वखाता | ०.०० | ०.०० | | |
| ८ | ग१.२, बाँडफाँटबाटप्राप्तराजश्वखाता | ०.०० | ०.०० | | |
| ९ | ग१.३, आन्तरिकअनुदानखाता | ०.०० | ०.०० | | |
| १० | ग६.१, विभाज्यकोषखाता | ०.०० | ०.०० | | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६ **अनुदान प्राप्ती फिर्ता र उपयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। यस्तै मधेश प्रदेशको आर्थिक कार्यविधि ऐन अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा प्रदेश सरकारलाई र संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु ५९२६००५।३३ पालिकाको संचित खातामा रहेको देखियो । उक्त अनुदान रकमहरु फिर्ता गरी सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,२६,००५.३३ |

७ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु१५४०७८१८६।५९ , यस वर्षको प्राप्ति रु.६२६९७८५३९।१०,यस वर्षको भुक्तानी रु.६२२४६७८७५।०८ र बैङ्क मौज्दात रु.१५८५८८८५०।६१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १५६४७९८६४।७६ | ४४८१४७३६७।४२ | ४३९०५७६८३।५० | १६५५६९५४८।६८ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५४०७८१८६।५९ | ६२६९७८५३९।१० | ६२२४६७८७५।०८ | १५८५८८८५०।६१ |
| फरक | २४०१६७८।१७ | (५८२८३११७१।६८) | (१८३४१०१९१।५८) | ६९८०६९८।०७ |

सैद्धान्तिक बेरुजु

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका/नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालय

प्रमुखबाट अनिबार्य रुपमा खर्चका विल भरपाई प्रमाणित गर्नुपर्दछ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **आन्तिरक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था द्ध । पालिकामा आन्तरिक लेखापरिक्षकको पद पदपूर्ती भएतापनि निजबाट आन्तरिक लेखापरीक्षण कार्य नभई राजश्व शाखामा कार्यरत रहेको देखियो । पालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति उपलब्ध भएतापनि आन्तरिक लेखापरीक्षण नभएको अवस्था देखियो । यसबाट आन्तरिक लेखापरीक्षण गरी गणितिय शुद्धता, प्रमाण पुष्ट्याई, खर्च शिर्षक अनुसारको खर्च, खर्च गर्दा कानूनको परिपालना लगायतका हुने प्रतिवेदन अन्तिम लेखापरीक्षणमा पेश हुन सक्ने अवस्था रहेन । सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सवै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिती छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराउने प्रयास समेत नगरेको उपयुक्त देखिएन । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको छ । यस्तो अवस्थामा आन्तरिक लेखापरीक्षण नगराउनेलाई जिम्मेवार वनाउनु पर्दछ । साथै आन्तरिक लेखापरीक्षण पदपूर्ती भएको अवस्थामा निजलाई पदपूर्ती बमोजिम आन्तरिक लेखापरीक्षण कार्य जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **सेवाप्रवाहको स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन। आंशिकरुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त वनाउनुपर्ने देखिन्छ।

| १ | पञ्जिकरणतर्फ | जम्मा | २ | पूर्वाधार विकास सडक निर्माण | जम्मा |
|---|---|---|---|---|---|
| क | जन्मदर्ता | १०८४ | क | कालोपत्रे सडक निर्माण | १ |
| ख | मृत्युदर्ता | २५० | ख | कालोपत्रे सडक मर्मत | 0 |
| ग | बसाईसराई दर्ता | १११ | ग | ग्राभेल सडक निर्माण | ५ |
| घ | विवाह दर्ता | ३८५ | घ | ग्राभेल सडक मर्मत | ५ |
| ङ | सम्बन्धविच्छेद दर्ता | ८ | ३ | स्वीकृत घरनक्सा दर्ता पास | ४ |

सैद्धान्तिक बेरुजु

## ११ बजेट तथा कार्यक्रम

बजेट तथा कार्यक्रम तर्फ देखिएका व्यहोरा निम्न छन:

११.१ **क्षेत्रगत कार्यक्रम तथा खर्च बिश्लेषणः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३५.८३ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.६१ प्रतिशत रहेको छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | १,८१,६७,०००.०० | १,३०,२०,०९७.९३ | ७१.६७ |
| २ | सामाजिकविकास | २३,८९,१५,०००.०० | १८,३६,०२,७९४.५४ | ७६.८४ |
| ३ | पूर्वाधारविकास | १७,६७,३६,०९२.८९ | १०,२६,१०,४४५.५३ | ५८.०६ |
| ४ | सुशासनतथाअन्तरसम्बन्धितक्षेत्र | ४१,००,०००.०० | ८,३५,८९३.४५ | २०.३९ |
| ५ | कार्यालयसञ्चालनतथाप्रशासनिक | २२,८८,२३,५२५.७० | १३,५९,३९,२२८.६५ | ५९.४१ |
| कुलजम्मा | | ६६,६७,४१,६१८.५९ | ४३,६०,०८,४६०.१० | ६५.३९ |

- बजेट खर्च ७६.८४% भन्दा कम रहेको देखियो ।
- आर्थिक विकासमा करिव ७१.६७% बजेट खर्च भएको देखिएतापनि यस क्षेत्रको बजेट कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रबाट खर्च हुनुपर्ने काममा समेत खर्च भएकोले बढी देखिएको देखिन्छ।
- पुर्वाधार विकास क्षेत्रको बजेट लगायत पुँजीगत काममा विनियोजित बजेटबाट चेतनामुलक तालिम कार्यक्रमजस्ता सफ्टवेयर कार्यक्रम भएको देखिन्छ।
- पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकीएन। पालिकाले आवस्यकता विष्लेषण गरी बजेट विनियोजन गर्ने र सोहीअनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.२ **त्रैमासिक पुँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिना को खर्च |
| पुँजीगत खर्चतर्फ | १२८२९७९६० | १०९८९९८५ | ११८०१७९१ | २६८२३७९४ | ६९६८२३९० | ४६६७५३२० |
| प्रतिशत | ५४.५% | ८.४९% | ५.०१% | ११.३९% | २९.६% | १९.८२% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१२८२९७९६० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१९९८९९८५ अर्थात ८.४९प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ११८०१७९१,अर्थात ५.०१,प्रतिशत र तेश्रो त्रैमासिकमा रु.२६८२३७९४, र चौथो त्रैमासिकमा रु ६९६८२३९०अर्थात २९.६प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४६६७५३२० अर्थात १९.८२%प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

- खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ८.४९% खर्च भएको देखिएतापनि यो रकम गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी भएको देखिन्छ।
- यस वर्ष पालिकामा वर्षान्तिमा विगत जस्तै बढी खर्च भएको देखिन्छ।
- असार महिनामा मात्र अघिल्लो त्रैमासिकको भन्दा बढी खर्च भएको देखिन्छ।
- खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुदाँ समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृतीमा सुधार गरी सन्तुलित खर्च व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.३ **योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लगत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २९९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १२९ | ८ | ७० | ५१ |
| २. | वडास्तरीय | १७० | ० | ३८ | १३२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । सभाले पारित गरेका उल्लिखित योजना मध्ये १८१ योजनामात्र कार्यान्वयन भई ११८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.४ **अबण्डा बजेट**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२३८९७०५३। अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको देखिएन। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने सोच भएता पनि खर्च गर्न सकेको देखिदैन। तसर्थ बजेट खर्चमा अवण्डा राख्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.५ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगरउप-प्रमुख श्री निलम देवी राय यादवले मिति २०८०।०३।१० गते रु ६४ करोड २८ लाख ४४ हजार ५६६ को बजेट सभा समक्ष पेश गरेकोमा रु ६६ करोड ६७ लाख ४१ हजार मिति २०८०।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट व्यवस्थापन**

बजेट व्यवस्थापनमा देखिएका व्यहोरा निम्न छन:

१२.१ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको विभिन्न खाताहरुबाट रु. ४,२८,६६,५०२.९७ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ७१८१४९५अ ल्या आन्तरिक श्रोत रु १५४०७८१८७राजस्व बाँडफाँट रु १०१८८८२०७ र अनुदानबाट रु ३४७९६७९५८समेत रु६१११५८४७ आम्दानी भएकोमा चालु तर्फ रु ३०७८१०५०१ र पुँजिगत तर्फ रु१२८२९७९५८समेत रु ४३६१०८४६० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु ५०९०५०५ खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ५८ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८.४२ प्रतिशत चालु र २८.५२तिशतमात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनीक कार्यमा बढी खर्च गरेको

देखिन्छ ।प्रशासनीक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ संगठन तथा कर्मचारी व्यवस्थापन

१३.१ निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४९ कर्मचारीको रु. ४ करोड ५३ लाख ७५ हजार र पालिकाको ७२ कर्मचारीको रु.१ करोड ९३लाख ५२ हजार समेत रु. ६ करोड ४७ लाख २७ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा वास्तविक तलव भत्ता, ग्रेड भुक्तानी हुँन नसक्ने अवस्था रहेकोले लेखापरीक्षणको क्रममा तलव भत्ता यकिन गरी परिक्षण गर्न सक्ने अवस्था रहेन। पालिकाले यस सम्वन्धमा आवश्यक पहल गरी यथार्थ तलव भुक्तानीका लागि कानुनमा व्यवस्था भए वमोजिम तलव पारित गरी खर्च लेख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पुर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता मासिक रु. १९१४८०। का दरले रु.२४८९२४०। भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा सुधार हुनुपर्दछ।

| पद | नियुक्ति संख्या | तलव भत्ता | मासिक | तलब स्रोत | कुल जम्मा |
|---|---|---|---|---|---|
| सुचना प्रविधि अधिकृत | १ | ४३८९० | ४३८९० | ससर्त | ५७०५७० |
| सामाजिक परिचालक | २ | २३००० | ४६००० | आन्तरिक स्रोत | ५९८००० |
| कम्पयुटर अपरेटर | १ | ३५७०० | ३५७०० | आन्तरिक स्रोत | ४६४१०० |
| अमिन | १ | २२००० | २२००० | आन्तरिक स्रोत | २८६००० |
| प्रस(अधिकृत) | १ | ४३८९० | ४३८९० | आन्तरिक स्रोत | ५७०५७० |
| जम्मा | ६ | १६८४८० | १९१४८० | | २४८९२४० |

सैद्धान्तिक बेरुजु

## १४ कानून निर्माण एवं कार्यान्वयन

१४.१ **कानून कार्यान्वयन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, १वटा नियमावली, १६कार्यविधि, ३ मापदण्ड, निर्देशिका, लगायत २६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस बर्ष ८ वटा कानुन निर्माण भएको छ। साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभा/ कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९ र यो बर्ष थप भएको १३५ गरी कुल १४४ विवाद दर्ता भएकोमा ९८ वटा मात्र फछ्र्यौट भई ३७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १५ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको १५ वटा रहेको छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १६ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने व्यवस्था रहेको छ। चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था, पदाधिकारी र कर्मचारीलाई देहायबमोजिम रु.१०५००००। पेश्की दिएकोमा यस वर्ष म्याद नाघेको पेश्की रु.१०५००००। देखिन्छ। कानुन बमोजिम समयमा पेश्की फस्यौट गर्नुपर्दछ।

| मिति | पेश्कीको नाम | अन्तिम म्याद | पेश्की |
|---|---|---|---|
| १२५।८०।८।२८ | अनिल कुमार चौधरी | १०/०४/२०८० | ३५००००. |
| १८८।८०।१०।८ | अनिल कुमार चौधरी | ११/१४/२०८० | २०००००. |
| २७।८०।६।१२ | वडा नं. ५ को मर्जुवा जाने सड्क कालोपत्रे निर्माण उ.स. | ०७/१७/२०८० | ५०००००. |
| जम्मा | | | १०५०००० |

| पेश्की | १०,५०,००० |
|---|---|

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १४० संघसंस्था र व्यक्तिहरुलाई रु ७०००००। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ७१८१४९५। को ९।७४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक राजस्व**

यस वर्ष आन्तरिक आय रु.१२५०००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.६६७५३३३.१४ मात्र भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नलिखित रहेका छन।

१८.१ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१२५०००००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१मा रु.६६७५३३३.१४ अर्थात अनुमान भन्दा ४६.५९ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गर्न यस अधिका प्रतिवेदनमा पनि औँल्याएको भएतापनि खासै प्रगति नभएको हुदाँ आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

१८.२ **आन्तरिक आय**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३६००८४६०.१० | ६६७५३३३.१४ | १.५३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५३ प्रतिशत मात्र रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८.३ **राजश्व परामर्श समितिः**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामीआर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमाअनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ।राजश्व परामर्श समितिको ७ बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत:नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८.४ **कर तथा शुल्क असुली**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

पालिकाले २८ वटा विभिन्न शीर्षकमा रु.१२५००००० आय प्राप्त गर्ने लक्ष्य लिएकोमा२२ वटा शीर्षकमा मात्र तोकिए भन्दा ५३% न्यून(६६७५३३३.१४) मात्रामा राजश्व संकलन भएको छ भने ६ वटा शिर्षकमा राजश्व संकलन भएको देखिएन। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १८.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

१८.५ सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन करहरु जस्ता करहरु ऐन, नियम, कार्यविधि बनाई करको दायरा विस्तार गर्न दिगो श्रोतको रुपमा अघि बढाउने आधार हुँदा हुँदैपनि पालिकाले पहल गरेको पाईएन।

सैद्धान्तिक बेरुजु

१९ **आन्तरिक आय क्रमश:**

१९.१ **आन्तरिक आम्दानी**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा गत तिन वर्षको असुलीको स्थिति पालिकालेआ.व.२०७८।७९मा रु.२६६८६१४।०५, आ.व.२०७९।८० मा दोब्बर बृद्धी भई रु.५२३७४२६।३४ र आव.२०८०।८१ मा रु.६६७५३३३।१४ आन्तरिक आय प्राप्त गरेको छ। पालिकाले बढ्दो अवस्थामा रहेको आन्तरिक आयमा थप स्रोत पहिचान गरी बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा १९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

१९.२ **निरीक्षण नभएको**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हृसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

१९.३ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शीर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प.फा.नं २१३को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्ने भनि गत विगतको प्रतिवेदनमा औँल्याएको व्यहोरा सुधार भएको छैन। तसर्थ राजस्व स्रेस्ता तयार गरी प्रतिवेदनले औँल्याएका विषयवस्तुमा सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **आय ठेक्का तर्फ**

यस वर्ष आय ठेक्कातर्फ देखिएका व्यहोरा निम्न लिखित रहेका छन:

२०.१

**बजार ठेक्का:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ५ वटा मुख्य बजार ठेक्का गरेको छ। यसको अवस्था निम्न रहेको छ। पालिकाले प्रथम पटक २०८०।३।७ मा सुचना प्रकाशित गरि असोज मसान्त भित्र शुल्क भुक्तानी गरेमा १० प्रतिशत छुट दिने र ठेक्कामा लाग्ने कर, शुल्क शिलवन्दी दरभाउपत्रदाता स्वयंमले व्यहोर्ने गरी पालिकाले सुचना प्रकाशन गरेकोमा हरिपुर बजार र पिडारी गुदारी बजारको आय ठेक्का परेको छ। साथै दोश्रो पटक २०८०।७।२० मा थप तिन वटा बजारको प्रस्ताव आव्हान गरी सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

**(विस्तृत विवरण बेरूजु दफा २०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

२०.२ **मु.अ.कर दाखिला**: मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा मू.अ.कर लाग्ने कारोबार गर्ने मू.अ.कर दर्तामा नहुने पक्षले समेत मू.अ.कर बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस बर्ष विभिन्न५ स्थानको बजार ठेक्का लगाएकोमा सुचना र सम्झौतामा प्रस्ताव दाताले कर र सुल्क दाखिला गर्नुपर्ने व्यवस्था गरेकोमा दाखिला गरेको छैन। प्रस्तावदाताले कवोल गरेको कुल रु.८२६०००।को १३ प्रतिशतले हुने रु.१०७३८०।सम्बन्धित प्रस्तावदाताबाट असुल गरी संघिय संचित कोषमा दाखिला गरेको रु.१०७३८०। प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,०३,३८० |
|---|---|

२०.३ आन्तरिक आय ठेक्कामा बोलकबोल रकममा छुट दिन नमिल्ने व्यवस्था छ। पालिकाले विभिन्न बजार ठेक्कामा असोज मसान्त भित्र कवोल रकम दाखिला गरेमा १०% छुट दिन सकिने सुचना प्रकाशन गरेको छ। पालिकाले नगरसभा र नगर कार्यपालिकामा निर्णय नगरी सुचनामा १०% छुट दिने गरी सुचना प्रकाशन गरेको देखिएकाले आयमा छुट दिन मिल्ने आधार देखिन्न। पालिकाले छुट रकम रु.३८५०० असुल गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको |
|---|

२०.४ **आन्तरिक आय ठेक्काः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। प्रदेश आर्थिक ऐन २०८० को दफा ६ अनुसुचि ४ अनुसार ढुङ्गा गिटी रोडा चट्टान र बालुवाको प्रति क्यू मिटर रु.१२५ देखी २००निर्धारण गरेको छ। नदीको वगरक्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE)प्रतिवेदन अनुसार १२८७९.२ घनमिटर उत्खनन गर्न सकिने उल्लेख छ। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भएको मितिले २०७८ र २०७९ गरी २ वर्षको लागी मात्र वैधानिकता रहने उल्लेख छ। आर्थिक वर्ष २०८०।८१ मा १२८७९.२घन मिटरमा लखनदेही नदीको क्षेत्र नं. १ र २ मा १०३२८.९६ घन मिटर र भिमखोलाको २५५०.२४ घन मिटर को कुल लागत रु.२४९९३९७। को आय ठेक्का गर्न प्रथम पटक २०८०।९।२५ सिलवन्दी तथा वोलपत्र आह्वान गरेकोमा कुनैपनिप्रस्ताव प्राप्त भएन। पुनः दोस्रो पटक पहिलो र दोस्रो ठेक्काको लागि बोलपत्र आव्हानका लागि २०८०।१०।२५ मा सुचना प्रकाशन गरेकोमा तिन वटै नदीमा व्यवसायी खरिद प्रकृयामा सहभागी भएनन। दोश्रो पटकको वोलपत्रको सुचना प्रकाशन गर्दा समेत खरिद प्रकृयामा उत्खनन व्यावसायी सहभागी नभएकोले कार्यापालिकाको २०८०।५।२९ को निर्णयानुसार प्रति ट्याक्टर४०० संकलन तथा नियमन, निरीक्षण र अनुगमन समेत गर्ने गरी कर्मचारी व्यवस्थापन गरी नदी जन्य पदार्थको संकलन तथा विक्री गर्ने निणय भएको देखिन्छ। प्रारम्भिक वातावरणीय परीक्षण अनुसार आय ठेक्का मार्फत निर्धारित परिमाणको अनुमानित राजश्व नियमानुसार कम्तिमा रु.२५७५८४०। प्राप्त हुन सक्नेमा शिलवन्दी तथा वोलपत्र विधिवाट आय ठेक्का व्यवस्थापन हुन नसकेकोले रु.११५४०००।मात्र प्राप्त भएको छ। पालिकाले ठेक्का व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२०.५

**राजश्व दाखिला नभएकोः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१)मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने र उपदफा २ मा सरकारी नगदी १० दिन भन्दा ढिलो गरेर जम्मा गरेमा १० प्रतिशतका दरले जरिवाना समेत गरी दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा कार्यालयको वडागत, ढुङ्गा, गिट्टी र बालुवाको पेश भए सम्मको नगदी रसिदवाट भएको आम्दानी र दाखिलाको परिक्षण गर्दा अन्य वडाले समेत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार नगद प्राप्त भएको दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था भएपनि अधिकांश वडा कार्यालय र अन्यले समेत नियमानुसार गरेको पाईएन। ढुङ्गा गिट्टी बालुवा तर्फको रु. २५४०००। आय रकम लेखापरीक्षण अवधि सम्म पनी दाखिला गरेको देखिएन। रसिद नियन्त्रण खाताको विवरण अनुसार गत वर्षको अल्या ९ र यस वर्षको थप ७१ गरी ८० प्याड रसिद प्रयोग भएकोमा ढुङ्गा गिट्टी वालुवा तर्फ सुशिल कुमार सिँहले १३ प्याड रसिद लगेकोमा १२ प्याड र ३५ रसिदको ४०० का दरले रु.२५४०००। रकम दाखिला गर्न बाँकी देखिन्छ। पालिकाले अन्य रसिदको समेत पहिचान गरी सम्बन्धित व्यक्तिलाई जिम्मेबार बनाई कानुन वमोजिम जरिवाना समेत रु. २७९४००। असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | वापत | आम्दानी | दाखिला | मिति | दाखिला बाँकी रकम | ब्याज | ब्याज सहित असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| सुशिल कुमार सिँह | ढुङ्गा गिट्टी वालुवा | २५४००० | ० | नभएको | २५४००० | २५४०० | २७९४०० |

| असुल गर्नुपर्ने | २,७९,४०० |
|---|---|

२०.६ **ढुङ्गा, गिट्टि र बालुवा**-मधेश प्रदेश आर्थिक ऐन २०८० को दफा ८ मा प्रदेशभित्र ढुङ्गा, गिट्टी र बालुवा, माटो, खोलाले बगाई ल्याएको काठ, दाउरा लगायत दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ बमोजिम शुल्क लगाईने र असुल उपर गरिने र नगरपालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले ढुङ्गा गिट्टि र बालुवा विक्रिबाट संकलित राजस्व प्रदेश सरकार पठाएको विवरण पेश गरेको छैन। ऐन बमोजिम कार्यान्वियन गर्ने तर्फ कार्यालयले ध्यान दिई यस बर्ष आम्दानी भएको रु.११५४०००। को ६० प्रतिशतले हुने रकम रु.४६१६००। प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | ४,६१,६०० |
|---|---|

२१ **१५ शैया अस्पताल**

पालिकाबाट लेखापरीक्षणको क्रममा शर्मा/धुलिखेल जेभीसँग भएको सम्झौताको फायल पेश भएन । यस आर्थिक वर्षमा भुक्तानी भएका आइपिसिमा देखिएका व्यहोराहरु देहायानुसार छनः

२१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । पालिकाले १५ शैयाको अस्पताल निर्माण कार्यको लागि शर्मा/धुलेखेल जे.भी. लाई मिति २०७९।१।५ मा भ्याट सहित रु १९७७८८५९३। मा सम्झौता गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त ठेक्का सम्झौता फायल पेश भएन । म्याद थप सम्वन्धिको टिप्पणीमा उक्त निर्माण कार्यको म्याद २०८१।१२।८ सम्म कार्यपालिकाबाट थप भएको देखियो । हालसम्म १० औ रनिङ विलबाट भ्याट सहित रु ११२५२६६६७। भुक्तानी भएको छ । पालिकाले ११ औ र १२औ रनिङ विल उठान गरेको भएतापनि हालसम्म भुक्तानी नभएको प्राविधिकबाट जानकारी प्राप्त भएको छ । पालिकालसँग रकम अभावका कारण उक्त विल भुक्तानी नभएको जानकारी प्राप्त भएकोले तालुक निकाय (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)सँग समन्वय गरी कार्य अगाडी बढाउनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२१.२ भेरिएसन आदेशः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई बिभागीय प्रमुखले १५

प्रतिशतसम्म भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले १०औ रनिङ विलसम्म भुक्तानी गर्दा अधिकांश निर्माण कार्यको आइटम थप भई कुल सम्झौता परिमाणमा बृद्धि भएको देखिन्छ । निर्माण व्यवसायिबाट उक्त थप परिमाणको कार्य गर्न कार्यालय प्रमुखसँग पूर्व स्विकृती लिई सोको अभिलेख तयार गर्नुपर्नेमा सो गरेको देखिएन। यसबाट सम्झौता बमोजिमको बृद्धि परिमाण आवश्यकता बमोजिम नापी भई भुक्तानी भएको हो भन्न सकिने अवस्था देखिएन । आइटम नं. ६ को बिओक्यूको परिमाण १२६१ घनमिटर रहेकोमा १७६४ घनमिटर नापी भएकोले बढी परिमाण ५०३ घनमिटरको रु १०००। को दरले रु ५०३०००।, आइटम नं. ७ को बिओक्यू परिमाण १२८ घनमिटर रहेकोमा १५८ घनमिटर नापी भएकोले बढी परिमाण ३० घनमिटरको रु १४०००। को दरले ४२००००।, आइटम नं. ८ को बिओक्यू परिमाण १५१२ घनमिटर रहेकोमा १५६९ घनमिटर नापी भएकोले ५७ घनमिटरको रु २४०००। को दरले रु १३६८०००। र आइटम नं. १५ को विओक्यू परिमाण १९८ मेट्रिक टन रहेकोमा २४२ मेट्रिक टन नापी भएकोले ४४ मेट्रिक टनको रु १३००००। प्रति मेट्रिक टनको दरले हुने रु ५७२००००। गरी जम्मा भ्याट वाहेक रु ८०११०००। बढि भुक्तानी भएको छ । उक्त आइटम सँगसँगै रहने फर्माको कार्य ५० प्रतिशत मात्र भुक्तानी भएको देखिएकोले उक्त परिमाण विओक्यु परिमाण भन्दा बढी नापी भएको देखिन्छ । यसर्थ उक्त कार्यको प्राविधिकबाट एकिन गराई बढि भए नभएको निक्यौंल गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ८०,११,००० |

२१.३ मोबिलाईजेशन पेश्कीः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा अग्रम बैङ्क जमानत लिई पेश्की दिनसक्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले १५ शैया अस्पतालको ठेक्का अवधि २०८१।१२।१८ सम्म म्याद थप गरेको भएतापनि निर्माण व्यवसायिलाई १० औ रनिङ विलसम्म रु १०९९०२८१। पेश्की कट्टा गरी रु ९००९७१९। बाँकी रहेकोमा पेश्की बैङ्क जमानत राखेको विवरण पेश भएन। पेश्की जमानत संलग्न नराख्दा पेश्की जोखिम रहेकोले पेश्की जमानत प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,०९,७१९ |

२१.४ **विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक २० लाख रुपैयाँभन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन हुने गरी विमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंग सम्झौता गर्दा बिओक्यू को प्रोभिजनल सममा बीमा बापत रकमको व्यवस्था गरेको भएपनि अस्पतालको म्याद थप गर्ने क्रममा निर्माण व्यवसायीले सम्झौता मितिदेखि सम्पन्न भएको मिति तथा मर्मत अवधि समेटिने गरी वीमा गरेको प्रमाण पेश भएन ।सार्वजनिक खरिद नियमावली र सम्झौता बमोजिम सम्झौता गरेको मितिदेखि त्रुटी सच्याउने अवधिसम्म समेटिने गरी वीमा गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## २२ NCB-06/2079/80 चितायन मन्दिर जाने सडक

२२.१ NCB-06/2079/80 चितायन मन्दिर जाने सडक कालोपत्रे गर्ने कार्यको लागि ओम साई निर्माण सेवा प्रा लिसँग भ्याट सहित रु ८४४७८७६।मा मिति २०८०।२।९ मा सम्झौता भई २०८०।३।२० मा कार्यसम्पन्न हुनुपर्ने उल्लेख छ । निर्माण व्यवसायिबाट कार्य सम्पन्न गर्न समय थप माग भई २०८०।९।३० सम्म म्याद थप गरेको देखियो । सम्झौता गर्दा १ महिना ११ दिनमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त समयवधिमा प्रविधिक विजकको आधारमा ५० प्रतिशत भन्दा बढी कार्य भएको देखिएकोमा ५० प्रतिशत भन्दा न्यून कामको लागि सुरु अविधिको ६ गुणा बढी (मिति २०८०।९।३० सम्म) म्याद थप गरेको छ । कुन विषयले गर्दा सो अवधिकसम्म म्याद थप गर्नुपर्ने कारण उल्लेख गरेको छैन । सम्झौताको विशेष शर्तमा समयमा सम्पन्न गर्न नसकेमा दैनिक ०.०५ प्रतिशत क्षतिपूर्ती लिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाको कार्यान्ववयन भएको छैन । मनासिव कारण भएमा मात्र म्याद थप गर्नुपर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२.२ उक्त ठेक्काको पहिलो रनिङ विलबाट भुक्तानी हुदा आइटम नं. ५ को Providing and applying prime coat with MC30/70 on prepared surface of granular base...... by nechanical means को ७६३७ लिटरको लागि रु ९२२७७६। भुक्तानी भएको देखिन्छ भने सोही आइटम संग संगसंगै गर्नुपर्ने आइटम नं. ६ को Spraying tack coat on ..... ३८१८ लिटरको लागि रु ४२००४८। दोश्रो तथा अन्तिम विल २०८०।८।७ मा उठान गरी भुक्तानी गरेको छ । प्राविधिकले प्रथम रनिङ विल उठान गर्दा भुक्तानी दिन Carry Forward को विवरण भरी राखेको नदेखिएकोले उक्त ट्याककोट लगाउने कार्य प्राइमकोट पश्चात सँगै भएको भन्न सकिने आधार देखिएन । यसबाट उक्त कार्य गुणस्तरयुक्त भएको छ भन्न सकिने आधार नदेखिएकोले प्राविधिकबाट पुष्ट्याई गरी प्रमाण गर्नुपर्ने देखिएको रु

| प्रमाण पेश नगरेको | ९,२२,७७६ |
|---|---|

२३ **बढि भुक्तानी**

२३.१ भौचर नं. ६२८ मा कम्प्युटर वजारबाट स्पेशिफिकेशन 12v 150Ah को ब्याट्रि भ्याट वाहेक रु ३००००।मा खरिद गरेकोमा खरिद आदेश नं. १८६ बाट सोही प्रकारको व्याट्रि 12v 150Ah खरिद गर्दा भ्याट वाहेक २२०००। मा खरिद भएको देखिएकोले एकै प्रकारको सामानमा ३६ प्रतिशत भन्दा बढी दरमा भुक्तानी भएकोले खरिद कार्यमा संलग्नलाई जिम्मेवार बनाई असुल हुनुपर्ने भ्याट सहित रु

| असुल गर्नुपर्ने | ९,०४० |
|---|---|

२३.२ मिति २०८०।१०।२ देखि २०८०।१०।४ सम्म संचालित ३ दिने थारु कला संस्कृतिक कार्यक्रमको लागत अनुमान तयार गर्दा जेनेरेटरको ३६ घण्टा प्रयोग हुने गरी रु ११५०।४४ प्रति घण्टाको दरले तयार गरेकोमा विजक पेश गर्दा ७२ घण्टा प्रयोग भएको देखाई रु ४१४१६ । बढी भुक्तानी भएको देखियो ।साथै, प्राविधिक विजक बमोजिम उक्त कार्यक्रमको नगरपालिकाले व्यहोर्नुपर्ने रकम रु २६८५०८। भएतापनि रु ४७२८३२। भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | २,०४,३२४ |
|---|---|

२४ **सफ्टवेयर खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । साथै, नेपाल सरकारको सुचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सुचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा कर संकलन प्रणाली सफ्टवेयर रु २९८३२०। मा खरिद गरी वार्षिक मर्मत खर्च रु ६२१५०। को दरले हालसम्म मर्मत खर्च रु १७४०२०। र आर्थिक वर्ष २०७९।८० मा न्यायिक मेलमिलाप व्यवस्थापन प्रणाली रु ४८०२५०। मा खरिद गरी वार्षिक मर्मत खर्च रु ४८०२५। भुक्तानी गरेको देखियो । आर्थिक वर्ष २०७६।७७ देखि हालसम्म २ वटा सफ्टवेयर खरिद गरी मर्मत सहित रु १०००६१५। भुक्तानी गरेको देखियो । आवश्यकता बमोजिम सफ्टवेयर खरिद गर्नुपूर्व सुचना प्रविधिबाट स्विकृत नगराएको देखियो । कानूनमा भएको व्यवस्था बमोजिम सफ्टवेयर मानक स्विकृत गरी मितव्ययी रुपमा कम लागत हुने गरी कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **विज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम

रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका चालूतर्फ रु १६३३२८०।बजेट व्यवस्थापन गरी रु १४३८६२३।खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु ३८१९४। बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ । साथै गोरखापत्रले वार्षिक रुपमा सरकारी निकायबाट प्रकाशन हुने विज्ञापनमा २५ देखि ४० प्रतिशत सम्म छुट दिने व्यवस्था गरेबमोजिम अन्य सरकारी निकायले उक्त छुट प्राप्त गरेको छ भने पालिकाले जनक दरवार मिडिया प्रा.लि. बाट १५ प्रतिशत छुट र निगरानी टुडेबाट समान १५ प्रतिशत छुट प्राप्त गरेपनि अन्यबाट प्राप्त गरेको देखिदैन । कानून बमोजिम सुचना प्रकाशन गर्दा विज्ञापन बोर्डबाट गराई मितव्ययी खर्च प्रणाली अवलम्वन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाका कर्मचारिबाट हुने देहायानुसारका कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो । पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी हुन सक्ने देखिदैन । अन्य संस्थाबाट कार्य गराउनुपर्ने कारण उल्लेख गरेको छैन । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययी बनाउनुपर्दछ । उल्लेखित खर्च मितव्ययी रहेको छ तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने आधार प्रमाण पेश नभएकोले खर्च आदेश दिने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित हुनुपर्ने रु

| क्र स | विवरण | रकम रु |
|---|---|---|
| १ | भौचर नं. ४२९ बाट श्री मुनाल सामुदायिक संस्थालाई बैदेशिक रोजगार कार्यक्रम संचालन वापत भुक्तानी रु | २९३८०० |
| २ | भौचर नं. ४७४ बाट जलवायु परिवर्तन तथा जोखिम न्यूनिकरण कार्यक्रम वापत मनकामना सामुदायिक संचार संस्थालाई भुक्तानी भएको रु | २५६६०० |
| ३ | समृद्धि बहुमुखी पोलिटेक्नीक इन्ष्टिच्युट प्रालिलाई सिलाई कटाई तालिम वापत भुक्तानी भएको रु | २३६७५० |
| | जम्मा | ७८७१५० |

| अनियमित भएको | ७,८७,१५० |
|---|---|

२७ **झोला खरिद**

पालिकाले आफ्नो कार्यसंचालन निर्देशिका तयार गरेको छैन । अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको पालना गरी खर्च गर्ने गरेको देखियो । कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं. ७.१.१५ मा तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख गरेको छ । उक्त बुदामा तालिम संचालन गर्दा दिने प्रस्तुतकर्ता पारिश्रमिक, भ्रमण खर्च, खाजा तथा खाना खर्च, होटल खर्च, स्टेशनरी खर्च लगायतका विषयहरु समावेश भएको भएतापनि तालिममा सहभागिलाई दिने विविध सामग्रीहरु झोला लगायतका वस्तुहरुको कुनै मापदण्ड तोकेको देखिदैन । पालिकाले विभिन्न तालिम संचालन गर्दा देहाय बमोजिमको झोला वितरण गरेको जनाई तालिम संचालकलाई रकम भुक्तानी गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च

गर्दा मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । तालिम संचालन गर्दा माथी उल्लेखित मापदण्डमा उल्लेख नभएको शिर्षकमा देहाय बमोजिम खरिद गरेको कुरा नियमसम्मत देखिदैन ।

क) भौचर नं. ४९८ बाट ६ दिने कर्मचारीहरुको क्षमता विकास तालिम संचालन गर्दा २५ वटा झोला वितरण गरी ७० वटा झोला खरिद गरी ४५ वटा झोलाको प्रति इकाइ मूल्य रु १३३० को दरले हुने भ्याट सहित रु ६७६३५। बढी भुक्तानी भएको देखिएकोले तालिम संचालकबाट असुल हुनुपर्ने रु

ख) भौचर नं. ६३६ बाट तालिम संचालनको लागि नवल किशोर रायले प्रशिक्षक झोला रु ८००००। खरिद गरेको भएतापनि प्रशिक्षकलाई झोला दिने व्यवस्था नरहेको तथा यस प्रकारको कार्यक्रम शसर्त अनुदान तर्फ भई दोहोरो पर्ने र नर्म्स विपरित खरिद भएको रकम नवल किशोर रायबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,६३५ |

२८ **मोवाइल खर्च**

प्रचलित कानुनमा पालिकाका पदाधिकारी तथा कर्मचारीलाई मोवाइल उपलब्ध गराउने व्यवस्था रहेको छैन । पालिकाले अन्य कार्यालय संचालन खर्च शिर्षकबाट (भौचर नं. ९९-२०८०।८।१४) बाट प्रमुख प्रशासकिय अधिकृत कमल बहादुर कार्कीको लागि रु ४५२००। को मोबाइल खरिद गरेको देखियो । कानुनमा उल्लेख नभएको व्यक्तिगत सुविधा सम्बन्धी सामान खरिद गरेको सम्बन्धमा खरिद आदेश दिने र भुक्तानी दिनेलाई जिम्मेवार बनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४५,२०० |

२९ **गुम्बा निर्माण कार्य** (६८-२०८०-१०-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा अधिकारप्राप्त अधिकारीले स्विकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने तथा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालकाले गुम्बा निर्माण कार्य उस हरिपुरलाई गुम्बा निर्माणको कार्यको लागि रु ९६९५०१। भुक्तानी गरेको छ । गुम्वा निर्माणको लागि आवश्यक नर्म्स उल्लेख भएको देखिदैन । प्राविधिकबाट कंक्रिट तथा वालको कार्यको लागि लागत अनुमान तयार गरी कार्य गराएको छ । पेश भएका प्राविधिक विजक तथा सम्पन्न फोटोको हेर्दा उक्त कार्य अधुरो रहेको देखियो । प्राविधिकले उक्त कार्य सम्पन्न भई नसकेको र थप काम गर्नुपर्ने उल्लेख गरेको र यस आर्थिक वर्षमा उक्त कार्यको लागि बजेट विनियोजन नभएको देखिएकोले कार्य अधुरै रहने देखिन्छ । निर्माण कार्य आंशिक मात्र भएमा रडमा खिया लाग्ने, पुन कार्य गराउदा थप खर्च हुने निर्माण सामग्री क्षयीकरण हुन गई गुणस्तरयुक्त कार्य नहुने भएकोले उक्त खर्च रकम उपयोग विहिन देखिएको छ । बजेट व्यवस्थापन गरी उक्त कार्य सम्पन्न गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **हजारविघा कार्यक्रम** (६७-२०८०-९-११):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अधुरो भवन निर्माण वडा नं. १ हजारविघा कार्यक्रम राखी रु ४२८१४६।भुक्तानी भएकोमा प्राविधिक विलमा भवन निर्माणको कुन कार्य बाँकी रहेको सो खुलाएको छैन । गत विगतमा भएको कार्यको नापी विवरण तथा प्राविधिक अभिलेख संलग्न राखेको देखिएन । यसबाट कार्य दोहोरो भएको नभएको एकिन गर्न नसकिने अवस्था छ । विगत वर्षमा भएको कार्य परिमाणको नापी तथा हाल भएको कार्यको लागत अनुमान तुलना गरी दोहोरो नपरेको एकिन हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२८,१४६ |

३१ **रेडक्रस भवन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट वडा नं. २ को रेडक्रस भवन निर्माणको लागि रु १०७९१६९। लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट कार्य

सम्पादन गरेको देखियो । उक्त कार्यमा गराउदा ५ वटा आइटमहरु एम २० आरसिसि कार्य, रडको कार्य, इटाको वाल लगाउने कार्य, फर्माको कार्य र फलामको कार्य मात्र भएको देखियो । अन्य रोलिङ सटर, स्टिल रेलिङ लगायतका प्लम्विङ तथा विद्युत्तीय कार्य नगरी ५ वटा आइटममा बढि कार्य गरी २० वटा आइटमको कुनै कार्य नगरी रु ८७२६१५। को प्राविधिक विजक उठान भई कार्य स्विकार समेत जारी गरेको देखियो । लागत अनुमानमा रहेको ५० प्रतिशत कार्य नगरी बाँकी २० प्रतिशत कार्यको लागि भुक्तानी गरी कार्यसम्पन्न जारी गर्नु नियमसम्मत देखिदैन । उक्त कार्य हाल ८० प्रतिशत बाँकी नै रहेको र यस आर्थिक वर्षमा वजेट व्यवस्थापन पनि नभएको प्राविधिकबाट जानकारी प्राप्त भएकोले श्रोत साधनको मितव्ययी तवरले उपयोग भएको देखिएन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **दर विश्लेषण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सर्लाही जिल्लाको हरिपुर नगरपालिका वडा नं. ४ राम कैलास रायको घर देखि महादेव मन्दिर जाने बाटो निर्माणको लागि रु ३११४१३५। भुक्तानी गरेको छ । ५ मिटर चौडाई भएको उक्त सडकको माटो खन्ने कार्य अन्य उपभोक्ता समितिलाई रु ८०। प्रतिघनमिटरले दरले दर विश्लेषण गरेकोमा यस कार्यको लागि ७५।६० घनमिटरको रु ५०४।७ को दरले दर विश्लेषण गरेकोले फरक दरको हुने रु ३२१०७।बढि भुक्तानी भएको देखिन्छ । साथै उक्त बाटोको सतह मिलाउने कार्य अर्थात पिसिसि गर्ने कार्यको लागि एम१५ ग्रेडको भुक्तानी गरेको छ। आरसिसि गर्ने कार्य एम१५ ग्रेडको देखिएकोले पिसिसि गर्ने कार्य आरसिसि गर्ने दर बराबर रु ८९९८। दिनु नर्म्स बमोजिम देखिदैन । यसबाट पिसिसि गर्ने कार्य बढी खर्चिलो भएको देखिन्छ । प्राविधिक पुष्ट्याई सहित एम१५ ग्रेडको पिसिसि (१४६ घनमिटरको रु ८९९८ को दरले हुने रु १३१३७०८।)गर्नुपर्ने कारण प्राविधिक भएकोले प्राविधिबाट पुष्ट्याई, ल्याव परीक्षण प्रमाण समेत पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १३,१३,७०८ |

३३ **उपभोक्ता समिति**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा प्राप्त बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि १२८ वटा योजनाहरुको रु ७२३१४४२५।को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु ७०३४७७५०। को कार्य भएको देखिएकोमा रु ७०३४७७५। को कार्य जनसहभागिताबाट गरी रु ६२३६३२८२१। भुक्तानी भएको बिबरण पेश भएको छ । यस वर्ष कुल पूजिगत खर्च रु १० करोड ५४ लाख ३६ हजार मध्ये उपभोक्ताबाट ६६।७२ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्वन्धि कार्यविधको व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला

सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

ख) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिएन । सवै उपभोक्ता समितिबाट भएको कार्यमा नगरउप्रमुखको संयोजकोत्वमा रहेको अनुगमन समितिबाट अनुगमन भई सिफारिश गरेको देखिदैन । केहि योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने नगरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

ग) कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी कितावमा सवै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

घ) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

ङ)सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

च) बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

छ) जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।

यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७क र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएका उपभोक्ता समितिबाट सम्पादित योजनाहरुको विवरण अनुसूचीमा संलगन छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **पिसिसि गर्ने कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा विभागीय नर्म्स, जिल्ला दररेट लगायतका विषयहरु समावेश गरी इकाइ दर तयार गर्नपर्दछ । पालकाले यस वर्ष सम्पादित केहि ढलानका कार्यमा सतह मिलाउन प्रयोग गरिने पिसिसिको कार्य गर्दा एम१५ ग्रेडको दर विश्लेषण गरी भुक्तानी गरेको छ । आरसिसिको कार्यलाई पनि समान दर विश्लेषण गरी एम१५ ग्रेड दिएको देखिन्छ । यसै जिल्लाका अन्य पालिकाहरुमा समान सडक ढलान कार्यको लागि पिसिसिको कार्यमा एम१० ग्रेड दिएको पाइन्छ । उक्त ग्रेड दिनुपर्ने प्राविधिक कारण दर विश्लेषण गर्दा उल्लेख गरेको देखिदैन यसबाट पालिकाले गरेका सवै कार्यमा वास्तविक दिनुपर्ने ग्रेडभन्दा फरक भई बढी खर्च भएको देखिन्छ । लेखापरीक्षणको क्रममा छनौट भएका देहायका योजनाहरुमा निम्नानुसारको परिमाण पिसिसि एम १५ ग्रेड भएको देखिएकोले प्राविधिक पुष्ट्याई, ल्याव परीक्षण प्रमाण सहित बढि दर विश्लेषणको आधार र प्रमाण पेश गर्नुपर्ने देखिएको रु

a. पारसको घरदेखि राजविरको घरसम्म पिसिसि कार्यको लागि एम १५ ग्रेडको ५७ घनमिटर रु ८९९८। को दरले हुने रु ५१२८८६।

b. वडा नं. ३ सविरको घरदेखि तमन् महमदको घरसम्म नाला निर्माणको लागि ४३।७८ घनमिटरको रु ८९९८ को दरले हुने रु ३९३९३२।

| प्रमाण पेश नगरेको | ९,०६,८१८ |
|---|---|

३५ **सार्वजनिक सुनुवाईः**

सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ को नियम१९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ । यस्तो सार्वजनिक सुनुवाई गर्दा कार्यालय प्रमुखले सुनुवाईको वहसलाई विषय केन्द्रित गराउन एकजना सार्वजनिक सुनुवाई सहजकर्ता (मोडोरेटर) नियुक्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा साकार मेडिया सेन्टरलाई सम्पूर्ण कार्यको लागि सम्झौता गरी रु २६२६००। भुक्तानी दिन बाँकी राखेको छ । पालिकाले सूचना तथा संचारको लागि स्थानीय रेडियो तथा पत्रपत्रिकासँग वार्षिक सम्झौता गरी सन्देश प्रशारण गर्ने सम्झौता गरेको तथा मोडोरेटर नियुक्त गरी संचालन गर्न सक्ने अवस्थामा पालिकालाई बढि व्ययभार पारेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययीता अपनाउनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **इन्धन प्रयोजन**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या अनुसार खर्च संकेत नं. २२३१४ मा सरकारी काममा प्रयोग हुने मट्टीतेल, ग्यास, कोइला, दाउरा सावरी साधन वाहेकका मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च र सवै प्रकारका व्याट्रिहरु सम्वन्धि खर्च समावेश हुने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा यस शिर्षकमा रु ३ लाख वजेट व्यवस्थापन गरी ३ लाख खर्च गरेको छ । उक्त शिर्षकबाट भौचर नं. ८-२०८०।६।४ बाट जेसिवी प्रयोगको लागि इन्धन तथा मर्मत लेखेको भएतापनि जेसिवी संचालन भएको समय परिमाण, मेशिनबाट भएको कार्यको विवरण जस्ता आधारभुत कागजातहरु संलग्न गरेको देखिएन । साथै उक्त जेसिविबाट भएको कार्यको प्राविधिक विल/प्रमाण संलग्न राखेको देखिएन । मर्मत खर्च २२२१३ शिर्षकमा समावेश हुने भएकोले यस शिर्षकबाट खर्च लेख्न नमिल्ने खर्च लेखेको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३७ **मसलन्द तथा कार्यालय सामग्री**

खर्च शिर्षक २२३११ मा कार्यालयमा दैनिक प्रयोगमा ल्याईने स्टेशनरी खर्च, एक वर्ष भन्दा कम टिकाउ हुने, एक वर्ष भन्दा बढी टिकाउ हुने तर प्रति इकाइ मूल्य ५ हजार भन्दा कम हुने सामानहरुको खर्च यस संकेतबाट लेखिन्छ । यस सम्वन्धमा पालिकाले खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिएन । लेखापरीक्षणको क्रममा नमुनाको रुपमा भौचर नं. ३०४ बाट पालिकामा खरिद गरेको सामानको मूल्य र भौचर नं. २१२ बाट वडा नं. ५ को वडा संचालनको लागि खरिद गरेका एकै स्पेशिफिकेशन भएका सामानहरुको मूल्य तुलाना गर्दा देहाय बमोजिम पालिकमा खरिद गरेको सामानको मूल्य बढी देखियो ।

| क्र स | सामानको विवरण | पालिकाबाट खरिद भएको मूल्य | वडा नं ५ बाट खरिद भएको मूल्य | प्रतिशत बढी (वडाको तुलनामा) |
|---|---|---|---|---|
| 1 | फोटोकपी पेपर ८० जिएसएम | ७१८ | ६५० | १०.४६ |
| 2 | पाइलट पेन | १५२.५ | १०० | ५२.५ |
| 3 | रेकर्ड फायल | २२.६ | १५ | ५०.६६ |
| 4 | स्केल स्टिल | ११३ | १०० | १३ |
| 5 | स्ट्याम प्याड | ६७.८ | ६० | १३ |

उल्लेखित तालिकाबाट हेर्दा पालिकाले १० देखि ५२.५ प्रतिशत बढी मूल्यमा खरिद गरेको देखिन्छ । भौचर नं. ३०४ बाट सचिन जनरल स्टोर्स (६१२१३१५९४) बाट खरिद गरेको उक्त सामान ५२.५ प्रतिशत बढी देखिन्छ । पालिकाले आफ्ने वडाको लागि भुक्तानी गरेको सामानलाई आधार लिई लागत तयार गर्नुपर्नेमा फर्मले पेश गरेको मूल्य सूचिलाई आधार लिई खरिद गरेकोले उक्त फरक देखिएको छ । यसबाट खरिद कार्य मितव्ययी रहेको छ भन्न सकिने आधार देखिदैन । कार्यालयबाट खरिद कार्यमा संलग्नलाई जिम्मेवार बनाई खरिद मितव्ययी खरिद भए नभएको सुनिश्चित हुनुपर्दछ । साथै, बर्षभरि खरिद भएका सामान माग फारामका आधारमा प्रयोग/खर्च तथा बाँकीको सम्बन्धमा यकिन तथा विष्लेषण गरि मितव्ययी भएको सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **इन्धन कार्यालय प्रयोजन**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या अनुसार खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट्स आदिको खर्च समावेश हुने व्यवस्था छ । लागत इष्टिमेटमा परेको निर्माण सामग्री ओसार्ने

सवारी साधनमा प्रयोग भएको इन्धन खर्च सम्वन्धित बजेट रकममा नै समावेश गर्नुपर्ने व्यवस्था छ ।पदाधिकारीको सावरी साधनमा प्रयोग गर्ने इन्धन २२२११ खर्च संकेतमा व्यवस्था गरेको पाइन्छ । पालिकाले सोही बमोजिम पदाधिकारी इन्धन खर्च रु ३१५८६२। खर्च लेखेको छ । पालिकामा डिजेल गाडी ६ वटा रहेकोमा ४ वटा संचालन हुने गरेको जानकारी प्राप्त भएको छ । मोटरसाईकल १५ वटा रहेकोमा मोटरसाईकल चलाउने अधिकृत स्तरको कर्मचारीलाई प्रति महिना १० लिटर, सहायक तहकोलाइ ८ लिटर र अन्यलाई ५ लिटरको दरले दिने गरेको देखियो । उपमेयरको सावरीसाधन १, प्रमुख प्रशासकिय अधिकृतको १ र जेसिवी र ट्रिफरलाई आवश्यकता अनुसार दिने जानकारी पालिकाले दिएको छ । उपमेयरको इन्धन खर्च इन्धन पदाधिकारी शिर्षकबाट दिइने भएकोले यस शिर्षकमा समावेश हुदैन । जेसिवी र मिनी ट्रिफरले नगर सरसफाई गर्दा इन्धन प्रयोग हुने वताएतापनि उक्त कार्यको लगबुक भरी प्राविधिक नापी प्रमाण समावेश गरेको देखिदैन । सामान ढुवानी गर्ने प्रयोजनको लागि विषयगत कार्यक्रमबाट खर्च गर्न सकिने भएकोले यस शिर्षकमा समावेश हुने देखिदैन । उपरोक्त मापदण्ड बमोजिम कार्यालयको मोटरसाइकलमा वार्षिक इन्धन १५०० लिटर खर्च हुने देखिन्छ । यस वाहेक यस शिर्षकबाट प्रमुख प्रशासकिय अधिकृतको गाडीमा इन्धन खर्च हुने देखिन्छ । उक्त सवारीको लागि इन्धनको मापदण्ड बनाएको नदेखिएकोले यस शिर्षकबाट यस आर्थिक वर्षमा भएको खर्च रु २३१६३३५। असोभाविक खर्च देखिन्छ । कुनै पनि सवारी साधन प्रयोगको लगबुक राख्ने नगरेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **मेशिनरी औजार मर्मत खर्च**

एकिकृत आर्थिक संकेत तथा बर्गीकरण र ब्याख्याको खर्च संकेत नं. २२२२१ मा कार्यालयमा रहेका मेशिनरी औजारको संचालनका लागि लाग्ने नियमित तथा मर्मत खर्च समावेश गरिन्छ । पालिकाले यस वर्ष यस शिर्षकमा रु ४८५२६३। खर्च लेखेको छ । उक्त शिर्षकमा खर्च गर्न नमिल्ने सामानहरु खरिद गरी भुक्तानी गरेको देखिन्छ । भौचर नं. ३०३-२०८०।१२।१८ बाट कार्टिज, एसएसडी, युएसवि हव लगायतका मसलन्द शिर्षकबाट खर्च लेख्न सामानहरु खरिद गरेको छ । त्यसैगरी भौचर नं. ६३२ बाट माउस किवोर्ड फोटोकपी पेपर जस्ता सामानको खरिद गरी भुक्तानी गरेको छ । भौचर नं. ६१२ र ३०३ मा कम्प्युटर प्रिन्टर मर्मत खर्च लेखेको भएतापनि उक्त सामानहरु कोसँग रहेको, सामानको मोडल नं. नखुलाएको, मर्मत गर्नुपर्ने सामानको स्पेषिफिकेशन नखुलाएको देखियो । यसबाट मर्मत सामानहरु दोहोरो परेको छैन र वास्तविक मर्मत गर्नपर्ने हो भन्न सकिने आधार देखिदैन । खर्च शिर्षक बमोजिम खर्च गर्न आवश्यक साधनहरुको स्पेक, मोडल नं., चलाउने कर्मचारीको नाम सहित मर्मत अभिलेख फारम भरी स्विकृत गराई खर्च लेख्ने गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **सशर्त शिक्षा**

स्थानीय तहमा शिक्षा तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका-२०८०।८१ अनुसार हुनेगरी शिक्षा तर्फको रु.१२४३९० हजार बजेटका कार्यक्रममा रु.१००४०६ हजार निकासा गरेको देखिन्छ। शिक्षक तलव भत्ता, निशुल्क पाठ्य पुस्तक, विधालय संचालन तथा व्यवस्थापन अनुदान, विधालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृत्ति लगायतका कार्यक्रम संचालन गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन:

४०.१ **विद्यालयगत निकासा रजिष्ट्रर:** कार्यान्वियन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वियन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले सो निकासा रजिष्ट्रर प्रकृया र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता पुर्ण अद्यावधिक गरी राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४०.२ **१. शिक्षकको अभिलेख:**-कार्यक्रम कार्यान्वियन निर्देशिका,२०८० को क्रियाकलाप १.१.३.३ र १.१.३.४मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको छ। जसमा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख

अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

**२. अनुगमनः**कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वियन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन पर्दछ।

सैद्धान्तिक बेरूजु

४०.३ **१. शैक्षिक गुणस्तर**-सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। साथै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ। यस पालिकाले आ.वा.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिवेदन पालिकासँग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

४०.४ **शिक्षक विद्यार्थी अनुपात**- स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न १४ सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीको अवस्था एवं विद्यार्थीको संख्या ६२८५ रहेको देखिन्छ। पालिकामा १४ विद्यालयहरु संचालनमा रहेकोमा १०९ शिक्षक दरबन्दी रहेको देखियो। पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कुल विद्यार्थी संख्या ६२८५ रही शिक्षक विद्यार्थी अनुपात १:५७ देखिएकोले तोकिएको मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४०.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरूजु

४०.५ **खर्चको सुनिश्चितताः**-शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८० मा सामुदायिक सिकाई केन्द्र सञ्चालनको लागि सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा पालिका समझ

वार्षिक प्रगति प्रतिवेदन, विल भर्पाई, माईनुट, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा दिएको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुने गरि पालिकाले नियमित अनुगमन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४०.६ **१. कार्यसम्पन्न प्रतिवेदन:** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१को क्रियाकलाप न.११.१.२.४४५ र २.७.१३.१३ (ञ) मा स्थानीय तहले अनुसुची ७ बमोजिम नापी किताव/कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साईट ईन्चार्ज, विद्यालयको प्र.अ. तथा वि.व्य.स.अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुख को दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सोको लेखा परिक्षण मौजुदा कानुन बमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सोको स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। पालिकाले स्वीकृत बजेट अनुसार महाविर जनता माध्यमिक विद्यालयलाई नमुना विधालय भौतिक निर्माण कार्य र शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियन गर्न रु.१३००००००।– दिने सम्झौता भएकोमा रु.१२६७४९९८.०५ अनुदान दिएको देखियो। उक्त निकासा भएको रकम शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको पत्रानुसार सम्बन्धित विद्यालयको खातामा रोक्का राखेको देखिएता पनि हालसम्म कार्य शुरुवात नभएकोले यथाशिघ्र कार्य सुरुवात गर्न लगाई दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.

| विधालय | कार्यक्रम | रकम | कार्य सम्पन्न | बाँकी |
|---|---|---|---|---|
| महाविर जनतामा.वि | शैक्षिक तथा व्यवस्थापकीय योजना | २६७४९९८.०५ | २६७४९९८.०५ | ० |
| | विधालय भौतिक निर्माण | १०००००००० | ३७१५०४६.६६ | ६२८४९५३.३४ |
| जम्मा | | १२६७४९९८.०५ | ६३९००४४.७१ | ६२८४९५३.३४ |

**२. नमुना विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदानः** हरिपुर नगरपालिका र महाविर जनता माध्यमिक विद्यालय बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागी १५ बुदाँ उल्लेख गरि सोहि अनुसार कार्य गर्ने गरि सम्झौता गरी विद्यालयलाई रु.३० लाख निकासा दिएको छ। दोस्रो पक्षले सम्पादन गरेको कार्यहरुको सम्झौता अनुसार भए नभएको, शैक्षिक गुणस्तर बृद्बि गर्ने भए नभएको, अनुगमन गरी सम्झौता अनुसार शैक्षिक गुणस्तर बृद्बि गर्ने कार्यक्रम हो की अन्य कार्यक्रम गरेको हो पहिचान गरी प्रतिवेदन गरेको छैन। विद्यालयले सम्झौता अनुसार कार्य गरे नगरेको अनुगमन गरी विद्यार्थीहरुको शैक्षिकस्तरमा सुधार आउने किसिमका कार्यक्रममा लगानी गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,८४,९५३.३४ |

४०.७ **अनुगमनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भालिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८० अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन र अन्य कार्य पहिचान गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विश्वस्त हुनुपर्ने देखिन्छ।

| (विस्तृत विवरण बेरूजु दफा ४०.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | सैद्धान्तिक बेरुजु |
|---|---|

४०.८ **मदरसा खर्चः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.११ अनुसार वार्षिक साधारण सभा भएको, वजेट कार्यक्रम तथा खर्च पास तथा स्विकृत र लेखापरीक्षण प्रतिवेदन पेश गरेको आधारमा सामुदायिक परिचालकको पारिश्रमिकको लागि अनुदान निकासा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले निम्न ७ मदरसालाई रु. २१२९४२१। निकासा गरेकोमा कार्यान्वयन पुस्तिका अनुसारको माइन्युट, लेखापरीक्षण प्रतिवेदन तथा पारिश्रमिक भुक्तानी भएको भरपाई पेश गर्नु पर्दछ। पालिकाले कार्यान्वयन पुस्तिका र परम्परागत शिक्षण संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-०७९ बमोजिम नियमित अनुगमन समेत गरी निम्न विधालयको भरपाई पेश गर्नु पर्ने रु..

| (विस्तृत विवरण बेरूजु दफा ४०.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | प्रमाण पेश नगरेको | ९,३३,८६६ |
|---|---|---|

४०.९ **सिक्षण सिकाई सामाग्री छपाई अभियान**: कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विधालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत कक्षा १-३ मा पढाई तथा गणित क्षेत्रमा थप सिकाई छपाई तथा वितरण गर्न प्रति विधालय वार्षिक तिन हजारका दरले प्रति कक्षा १ सेट स्वअध्ययन सामाग्री छपाई विधालयलाई वितरण गर्नु पर्दछ। यस वर्ष विधालयले प्रति विधालय ३००० का दरले १५ विधालयलाई ४५०००।का सामाग्री छपाई गरी वितरण गर्नुपर्नेमा यस वर्ष गो.भौ.नं२९३।८१।३।२२मा १५ सेट शिक्षण सामाग्री रु. १९२०६९। भुक्तानी गरेको छ। यसरी प्रति विधालय ३००० भन्दा बढी रु.१४७०६९। भुक्तानी भएको नियमसम्मत मान्न सकिएन। पालिकालेबढी खर्च गर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | १,४७,०६९ |
|---|---|

४०.१० **स्यानेटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुदाँ नं ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले विराट हेल्थकेयर ईण्डष्ट्रिज प्रा.लि.बाट (भौ.न.२९४।८१।३।२२मा) ३९१९९ प्याकेट स्यानेटरी प्याड रु.२०.२२(मु.अ.कर समेत)का दरले रु.७९२८७८.१७(मु.अ.कर समेत)मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई ३९२०४ प्याकेट मात्र बुझाएको माग फारम र भरपाई पेश भएको छ। पालिकाले छात्राहरुको यकिन तथ्याङ्क अध्यावधिक नगरी विगतका स्यानेटरी प्याडको अवस्था समेत एकिन गरेको छैन। विधालयले स्यानेटरी प्याडको अवस्था स्यानिटरी व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन स्थानिय तहमा पठाउनु पर्नेमा पठाएको छैन। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट उपप्रमुख रहेको अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन पेश गरेको छैन। पालिकाले यस वर्ष IEMIS अनुसार विभिन्न विधालयलाई ३९२०४ प्याकेट स्यानेटरी प्याड वितरण गरेपनि विगतको मौज्दात पहिचान नगरी यस वर्ष समेत सत्यापन गरिएका विधार्थी भन्दा निम्न लिखित दरमा बढी स्यानिटरी प्याड निकासा गरेको छ। साथै छात्राको अनुपात, सुचक, स्पेशिफिकेशन परीक्षण, प्याडको भण्डारको पक्ष लगायत समेत यकिन नगरी वितरण गरेकोमा गत वर्षको र यस वर्षको स्यानीटरी प्याडको संख्या र अवस्था पहिचान गरी पालिकाबाट उपप्रमुख रहेको अनुगमन समितिले अनुगमन गरी मौज्दात र प्रयोगको अवस्था पहिचान गरी बढी वितरण भएका स्यानिटरी प्याडको अवस्था पहिचान गरी भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्दछ रु.

| (विस्तृत विवरण बेरूजु दफा ४०.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | प्रमाण पेश नगरेको | २,४०,१३२.७२ |
|---|---|---|

४०.११ **उपयोग सुनिश्चित:**कार्यक्रम कार्यान्वयन पुस्तिका-२०८०/८१को क्रियाकलाप न.२.७.१३.२३मा पालिकाले स्यानिटरी प्याड खरिद गरी बाँकी रहेको रकमले एक पटक डिस्पोजल मेसिन खरिद गरी विधालयलाई वितरण गर्न सक्ने व्यवस्था छ। पालिकाले भौ.न. १९४।

८१।३।२२ बाट ११ सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद गरेकोमा ११ विधालयलाई वितरण गरी रु.६३८४००। खर्च लेखेको छ। पालिकाले विधालयमा उपयोग सुनिश्चित र प्रभावकारीताको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन। पालिकाले विधालयमा उपयोग सुनिश्चित र प्रभावकारीताको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु. ७२३४२६

| गो.भौ.नं र मिति | सप्लायर्स | विवरण | परिणाम | रकम |
|---|---|---|---|---|
| १६२।८१।३।२३ | खुसी जनरल अर्डर एण्ड सप्लायर्स | डिस्पोजल मेसिन | ११ | ७२३४२६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२३,४२६ |

## ४१ विधालय संचालन र व्यवस्थापन

विधालय संचालन र व्यवस्थापन तर्फ देखिएका व्यहोरा निम्न छन:

४१.१ **प्रति विधार्थी लागत र बुक कर्नर:** कार्यक्रम कार्यान्वियन पुस्तिका-२०८० को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा १-५ सम्म प्रति विद्यार्थी रु १५०, ६-१० सम्म रु.२००र ११-१२सम्म प्रति विध्यार्थी रु.२५० का दरले वुक कर्नर दिन सक्ने र सो रकमवाट विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वियन शैक्षिक सामाग्री व्यवस्थापन, मरमत संभार, सोलार, ल्याव, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ। दफा २.२ मा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्रीका लागि प्रतिविध्यार्थी रु.५०० अनुदान दिने व्यवस्था छ। पालिकाले देहाय बमोजिम १५ विद्यालयलाई रु.१०४०९००। निकासा गरेको छ। उक्त रकम निर्देशिकाले तोके बमोजिम क्रियाकलाप तथा सामाग्रीमा खर्च गरेको विल भरपाई तथा सामाग्री दाखिला गरेको प्रमाण समेत पेश गर्नु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७५,४५० |

४१.२ **लेखापरीक्षण खर्चः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र व्यवस्थापन,विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकासन लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१०००० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.१५००० का दरले निकासा दिन सकिने व्यवस्था रहेको देखिन्छ। पालिकाले १५ विद्यालयलाई सो कार्यको लागि रु.१५५००० निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सोको प्रतिवेदन पेश भएको छैन। कार्यान्वियन पुस्तिकामा उल्लिखित अनुसारको सामाजिक र आर्थिक लेखा प्रतिवेदन पेश हुनु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,००० |

४१.३ **विद्यालय सुधार योजनाः**कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा संचालित विद्यालयलाई रु.१५००० र माध्यमिक तहमा संचालित विद्यालयलाई रु.२०००० का दरले निकासा दिन सकिने व्यवस्था छ। पालिकाले १५ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रु.२३००००। निकासा भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा निम्न विद्यालयको रु.१३००००विधालय सुधार योजना पेश भएको छैन। कार्यान्वियन पुस्तिका अनुसार विद्यालय सुधार योजनाको लागि रु. १३००००। प्रमाण पेश गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,००० |

४१.४ **विद्यालय संचालन तथा व्यवस्थापन:** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५०००।, माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२५०००। र उच्च माध्यमिक विधालयलाई रु.३००००।का दरले र ईन्टरनेट वापत रु.१२०००। निकासा दिन सकिने व्यवस्था छ। पालिकाले १५ विद्यालयलाई सो कार्यको लागि मसलन्द

(गो.भौ.न.१७८।८१।२।१७)रु.३३००००।- र ईन्टरनेट जडान वापत (गो.भौ.नं१४९।८१।१।९) रु.१८००००।- गरी रु.५१००००।- निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो को विल भर्पाई पेश भएको छैन। कार्यान्वयन पुस्तिकामा उल्लिखित अनुसारको कार्यान्वयन यकिन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

४२ **दिवा खाजा तर्फ**

यस वर्ष दिवा खाजा तर्फ विधालयलाई रु.१२१७५३८०। निकासा गरेकोमा देखिएका व्यहोरा निम्न रहेका छन:

४२.१ **दिवा खाजा:** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप २.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पुरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण र हाजिर प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले पहिलो किस्ता वापत रु.३०४८९७५। निकासा कार्तिक महिनामा गरेको छ। दोस्रो र तेश्रो किस्ता निकासा दिने समयमा विद्यालयले पहिलो र दोश्रो किस्ता वापतको रकम सदुपयोग गरे नगरेको र प्रमाणित गरेको हाजिरी र तथ्यांक अनुसार हिसाव गरेर मात्र निकासा दिनु पर्नेमा शुरुकै तथ्यांकलाई आधार मानी दिवा खाजा वापत कुल रु.१२१७५३८०। निकासा गरेको छ। यसरी निकासा दिएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम छन।

सैद्धान्तिक बेरुजु

४२.२ **दिवाखाजा हाजिरी र भर्पाई**: कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप सि.नं.२.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिका भित्रका १५ विद्यालयलाई पहिलो, दोस्रो र तेश्रो त्रैमासिकमा रु.१२१९५९००। निकासा गरेकोमा लेखापरीक्षण अवधिसम्म दोश्रो र तेश्रो त्रैमासिकमा विद्यार्थी हाजिरी संख्यात्मक पेश गरेपनि प्रमाणित हाजिरी पेश गरेको छैन। कार्यक्रम कार्यान्वयन र सहजिकरण पुस्तिका अनुसारको विद्यार्थी हाजिरी र पालिकाले कार्यक्रमको कार्यान्वियन पुस्तिका बमोजिम विधार्थी हाजिरीको फोटोकपि र अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४२.३ **दिवा खाजा कार्यान्वयन**: कार्यक्रम कार्यान्वियन पुस्तिका-२०८०।८१ को क्रियाकलाप सि.नं. २.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकाले१५ विद्यालयलाई दिवा खाजामा रु. १२१९५९००।- निकासा गरेको छ। कार्यक्रम कार्यान्वियन पुस्तिका-२०८०।८१ को क्रियाकलाप सि.नं. २.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ। कार्यक्रम कार्यान्वियन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका अनुसार विद्यार्थीलाई विद्यालयमा नै दिवा खाजा खुवाउने कार्यक्रम कार्यान्वियन गरी पालिकाले नियमित अनुगमन गर्नु पर्दछ। विवरण अनुसुचिमा रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

४२.४ **दिवा खाजामा बढी भुक्तानी:** विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानीIEMIS मा भएको तथ्याङ्कलाई सत्यापन गराई निकासा गर्नु पर्नेमा पालिकाले देहायका विद्यालयलाई दिवा खाजा वापतको रकम रु.४८६१८०।- बढी निकासा भएको छ। तसर्थ वढी निकासा

भएको रकम अन्य विधालयको समेत पहिचान गरी असुल गर्नुपर्ने रु. ४८६१८०।- असुल गरी संघिय संचीत कोषमा दाखिला हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ४,८६,१८० |
|---|---|

४३ **छात्रवृत्ति**

यस वर्ष पालिकाले आवासिय, गैर आवासिय, फिडर लागयतका शिर्षकमा रु.४६०९०००। निकासा गरेकोमा देखिएका व्यहोरा निम्नलिखित रहेका छन:

४३.१ **गैरआवासीय छात्रवृत्ति र दलित छात्रबृत्तिः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ उपक्रियाकलाप नं.४.२ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने र गैरआवासीय दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी दोहोरो नपर्ने गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित र एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)२०८० को तथ्याङ्क अनुसार १५ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००को दरले ३७१२(३१४० महिला+ ५७२ दलित) विधार्थीलाई रु.१४८४०००। गैरआवासीय छात्रा छात्रवृत्ति अनुदान निकासा दिएकोमा लेखापरीक्षणको क्रममा नामनामेसी सहितको वितरण भरपाई पेश भएपनि छात्रवृत्तिको निर्णय पुस्तिका र स्थानीय तहले कार्यक्रमको प्रभावकारिताको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३.२ **छात्रवृत्ति बढी निकासाः** शिक्षातर्फ कार्यक्रम तथा बजेट खर्च गर्दा सम्बन्धित आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाले छात्रवृत्ति अनुदान निकासा दिएकोमा लेखापरीक्षणमा तपसिलको विद्यालयको भरपाई परिक्षण गर्दा दलित र छात्रा छात्रवृत्ति शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)भन्दा भर्पाईमा कम वितरण भएको देखिएकाले उक्त रु.११६८००। रकम संचितकोष फिर्ता दाखिला गर्नुपर्ने रु...

**(विस्तृत विवरण बेरूजु दफा ४३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १,१६,८०० |
|---|---|

४३.३ **आवासीय छात्रवृत्तिः** मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०को क्रियाकलाप नं.७.२.१.१ अनुसार विद्यालयमा आउन जान नसक्ने एवम अध्ययनका लागी डेरा गरि वस्ने वा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने अपाङ्गता भएका वालवालिकाको लागि प्रति विद्यार्थी प्रति महिना रु.४००० का दरले १० महिनाको जम्मा रु.४०००० विद्यालयलाई अनुदान दिने र विद्यालयले छात्रावासमा वस्ने छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० का दरले १० महिनाको रु.५००० नगदै अनिवार्य बुझाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न विधालयलाई महिला फिडर छात्रवास र आवासीय छात्रवृत्ति ४४ जनाको रु.४०००० का दरले रु.१७६००००।-निकासा गरिएको छ। छात्रावासमा बस्ने ४४ छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० नगदै वुझाएको देखिएन। आवासीय छात्रवृत्तिमा बस्ने ४४ जनाले रु.५००० का दरले नगदै बुझेको रु.२२००००। प्रमाण पेश गर्नुपर्ने रु.

| **विधालयको नाम** | **जम्मा विधार्थी** | **निकासा** | **वार्षिक** | **विधार्थीलाई बुझाएको रकम** |
|---|---|---|---|---|
| महाविर जनता मावि | १३ | ५२०००० | ५००० | ६५००० |
| जनता प्रावि हरिपुर ९ | ३१ | १२४०००० | ५००० | १५५००० |
| जम्मा | | | | २२०००० |

पालिकाले यस वर्ष अपाङ्ग र अन्य छात्राका लागि छात्रवास उपलव्ध गराउँदा अपाङ्गता भएका विधालय आउन नसक्नेका अतिरिक्त सिमान्तकृत समुदाय लगायत अभिभावक विहिन, अनाथ बालिका तथा अति विपन्न छात्रालाई छनौट गरी छात्रबासमा बसी अध्ययन गर्ने

व्यवस्था गर्नुपर्नेमा छात्रवासमा बस्ने छात्राको छनौटको आधार पालिकाले पहिचान नगरी विधालयले राखेका आधारमा छात्रवास व्यवस्था गरेको छ। पालिकाले स्पष्ट मापदण्ड निर्माण गरी निर्देशिका बमोजिम विधालयले विधार्थीलाई वितरण गरेको भर्पाई र समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गरी बास्तविक लाभग्राहीले सेवा पाएको सुनिश्चितता गर्नु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२०,००० |

४३.४ **विद्यार्थी निर्वाह खर्चः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५००० का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागि व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रु.१००० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। श्री महाविर जनता मावि, हरिपुरलाई ९१ जनाको रु.१५००० का दरले जम्मा रु.१३६५०००। निकासा गरिएको छ। विद्यार्थी निर्वाह खर्चका लागि व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा रु.१०००का दरले कक्षा १०का २८ जनाको रु.३०००का दरले रु.८४०००।, कक्षा १० का १५ जनाको रु.३००० का दरले रु.४५०००। र कक्षा १२का २७ जनाको रु.६०००का दरले रु.१६२०००। मा ७०जना विद्यार्थीलाई रु.२९१०००।जम्मा गरेको छैन। व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीको बैंक खातामा रकम जम्मा गरी निर्देशिका बमोजिमको कामको पालना गरेको प्रमाण गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९१,००० |

४३.५ **छात्रवृत्तिः** शिक्षा नियमावली २०५९को नियम १५१ मा विधालयले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विधार्थीलाई क्रमश: सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलव्ध गराउनुपर्ने व्यवस्था छ। साथै संस्थागत विधालयले कुल विधार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रवृत्ति उपलव्ध गराउनुपर्ने र छात्रवृत्ति उपलव्ध गराउनु अघि विधालयले छात्रवृत्तिका लागि निवेदन दिन विधालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वियन गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था पालनाको अनुगमन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **पाठ्यपुस्तक**

यस वर्ष निशुल्क पाठ्यपुस्तक तर्फ विधालयलाई रु.४३६४६३३.२९ निकासा गरेकोमा देखिएका व्यहोरा निम्न रहेका छन:

४४.१ **निशुल्क पाठ्यपुस्तकः**-कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका१५ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम रु.३३४६५५०.०९ बैशाख महिनामा निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण पेश भए नभएको यकिन तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी असार महिनामा थप रु.१०१८०८३.२० निकासा सहित जम्मा रु.४३६४६३३.२९ अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन।यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ४३६४६३३.२९ निकासा भएकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा थप पाठ्यपुस्तक वापत निकाशामा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

(विस्तृत विवरण बेरूजु दफा ४४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

| सैद्धान्तिक बेरुजु |
|---|

४४.२ **पाठ्यपुस्तक अनुदानः**कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को को क्रियाकलाप नं. २.४.६.१मा तोकिए बमोजिम निकासा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित वेगर विद्यालयलाई एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) को २०८० को तथ्याङ्कको आधारमा पाठ्यपुस्तक अनुदान निकासा भुक्तानी देखियो। पालिकावाट सत्यापन प्रमाणित तथ्याङ्क, विधार्थि हाजिरी र भर्पाई भन्दा बढी निकासा दिएको रु.२०७७५८ अन्य विधालयको समेत पहिचान गरी असुल गरी संघीय सञ्चितकोषमा रु. २७९७०१। दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ४४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

| असुल गर्नुपर्ने | २,७९,७०१ |
|---|---|

४५ **संसर्त स्वास्थ्य तर्फ**

संघीय ससर्त स्वास्थ्य तर्फ रु. ६ करोड ५२ लाख ४० हजार बजेट मध्ये रु.५ करोड ७३ लाख ८३ हजार खर्च भएकोमा वहुक्षेत्रीय पोषण लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

४५.१ **पारिश्रमिक करः** आयकर ऐन,२०५८को दफा ८७मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको आयमा छुट पाउने रकममा १% सामाजिक सुरक्षा कर कट्टा गरी बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ।एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या-२०७४को खण्ड-२मा सम्बन्धित राजस्व संकेत शिर्षक नंम्बरमा जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले पारिश्रमिक आयकर र पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा करको चालुमा रु.९४७९७३ र ससर्तमा रु.२२९२४३ गरी कुल रु.११७७२१६।कट्टी भएकोमा पारिश्रमिक आयकर-११११२मा जम्मा गर्नपर्ने राजस्व पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर-११२११ मा जम्मा गरेको छ। पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या-२०७४को वर्गिकरण बमोजिम सम्बन्धित राजस्व शिर्षकमा पारिश्रमिक आयकर दाखिला गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५.२ **१. औषधि खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४को नियम ८५को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। साथै उपभोक्तालाई सहज सेवा, औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान सार्वजनिक खरिद कानुनमा उल्लिखित व्यवस्था समेत समावेश गरी खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतबाट रु.५००००००।लाख र संघीय सशर्तबाट रु.२०५६०००।समेत कुल रु.७० लाख५६ हजार बजेट विनियोजन भएकोमा रु.२११२१९३.८० मा खरिद कार्य सम्पन्न भएको छ। खरिदको विड डकुमेन्टमा औषधि तथा मेडिकल उपकरणको लागि आवश्यक गुणस्तर तथा मापदण्ड सम्वन्धी व्यवस्था समावेश गरेको छैन। वोलपत्र सम्वन्धी कागजात तयार गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठनले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि तथा मेडिकल उपकरण प्रतिश्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ।

| स्रोत | आइटम संख्या | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | सप्लायर्स | |
|---|---|---|---|---|---|---|
| पालिका | १०१ | ६५५५९०५ | १६४४४५०/ ८०।११।२३ | १७२०४३५ | भिमदेवी मेडिकल सप्लायर्स | |
| संघीय सशर्त | | | | ८१।३।२२।२९१ | | |
| पालिका | ३५ | ५००००० | ३९१७५८.८० | ३९१७५८.८०/८०/१२/९ | मुक्तिनाथ मेडिको फर्मा | |
| जम्मा | | ७०५५५९०५ | २०३६२०८.८० | २११२१९३.८० | | |

२. पालिकाले यस वर्ष खुला बोलपत्र र सोझै खरिद गरिएका औषधिहरुको अवस्था निम्न रहेको छ।पालिकाले सोझै खरिदमा भन्दा बोलपत्र मार्फत खरिद गर्दा किफायती देखिएकाले कार्यालयले यसमा ध्यान दिनुपर्ने देखिन्छ।

| औषधिको नाम | परिणाम | बोलपत्रको दर | सोझै दर | भिन्नता | जम्मा |
|---|---|---|---|---|---|
| Amoxylin 250mg | ५००० | १ | ४ | ३ | १५००० |
| Amoxylin 250mg | ५००० | १ | २.४ | १.४ | ७००० |
| Amoxylin 250mg | ७५०० | ३.८ | ६.२४ | २.८४ | २१३०० |
| Ciprofloxacin eye drop | ३००० | १२ | २३.६ | ११.६ | ३८४०० |
| Amoxylin125mg dry pouder | ५०० | २९ | ७२ | ४३ | २१५०० |
| जम्मा | | | | | १०३२०० |

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ। पालिकाले यस बर्ष खरिद भएका १८ महिना भन्दा कम म्याद रहेका औषधि पहिचान औषधि उचित व्यवस्थापन गरी नियमावलीका व्यवस्था पालना गर्नुपर्ने देखिन्छ।

| सिन | औषधिको नाम | म्याद समाप्त हुने मिति | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | Amoxylin125mg Dry pouder | २०२५/५/३१ | ५०० | १८ महिना भन्दा कम |
| २ | Zinc Sulphate 20mg Tablet | २०२५/५/३१ | १०००० | १८ महिना भन्दा कम |
| ३ | Atorvastatin 10mg Tablet | २०२५/२/२८ | ५००० | १८ महिना भन्दा कम |
| ४ | Tinidazole 500MG Tablet | २०२४/६/१२ | ५००० | १८ महिना भन्दा कम |
| ५ | Doxycycline 100mg Capsule | २०२५/२/२८ | १०००० | १८ महिना भन्दा कम |

सैद्धान्तिक बेरुजु

४५.३ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः**औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थिपन सहजीकरण पुस्तिका, २०७४को परिच्छेद-२ मा आपर्ति व्यवस्थापन सम्वन्धि व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपूर्ण उपयोग लगायत विषय समावेश रहेको छ। गाउँपालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ७ आइटम मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | औषधिको नाम | २०७९।८० | | | | २०८०।८१ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्य. | आम्दानी | खर्च | बाँकी | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxycillin 500mg Cap | १००० | ५१००० | ५१००० | १००० | ६०००० | ४०००० | २०००० |
| २ | Paracetamol 500mg Tab | ० | १००००० | १००००० | ० | ८५००० | ६०००० | १५००० |
| ३ | Ciprofloxacin 500mg Tab | ५००० | ५००० | १०००० | ० | १५००० | १५००० | ० |
| ४ | Cetirizine 10mg Tab | ० | २५०० | २५०० | ० | १००० | १०००० | ५०० |
| ६ | Ranitidine 150mg Tab | ५००० | ६००० | ११००० | ० | ४०००० | ४०००० | १४००० |

सिट्राजिन १०एम जि ट्याव औषधि आर्थिक वर्ष २०७९।८० मा २५०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८०।८१ मा ४ गुणा वृद्धि भई १०००० क्यापसुल हस्तान्तरण भएको छ। त्यस्तै रयानिटिन १५०एम जि ट्यावलेट समेत करिव सोही अनुपातमा वृद्धि भएको छ। विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले गाउँपालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५.४ **फिल्ड भत्ताः**नेपाल सरकारबाट २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलब भत्ता सम्बन्धि व्यवस्था गरेको छ। अर्थ मन्त्रालयबाट प्रकाशित तलबमान सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारीलाई महँगी भत्ता बाहेक थप भत्ताको व्यवस्था रहेको पाईएन। पालिकाले गोश्वारा भौचर नं.३१३।८१।३।२४बाट स्वास्थ्य सेवातर्फको निम्न कर्मचारीलाई फिल्ड भत्ता बापतको रु. ३००९००/- रकम भुक्तानी दिएको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४५.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,९०० |

४५.५ **न्यानो झोला कार्यक्रम**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका विभिन्न २ बर्थिङ सेन्टरमा गत वर्ष ५५० थानको रु.४९७२८०। र यस वर्ष १११० थान को रु.९९०८९७। खरिद गरेकोमा ७३१ महिला प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका विगतको समेत ९२९ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **परामर्श सेवा** –

सार्वजनिक खरिद ऐन, को दफा २९ बमोजिम सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्ति बाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नु पर्ने उल्लेख छ। कार्यलय बाट प्राप्त विवरण अनुसार पालिकाको डी पि आर गरेको खर्च र कार्यान्वयन अवस्था निम्नानुसार छ।

पालिकाले २०७८ मा सम्झौता भएका ६ वटा डिपिआर मध्ये १ वटा बजेट विनियोजन, १ वटा सम्झौता, १ वटा कार्यान्वयन र ३ वटा योजनामा हालसम्म समेत बजेट विनियोजन भएको देखिएन। पालिकाले निर्मित डिपिआर कार्यान्वयन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ९७.९० दिनले ७२४५ दिन रोजगारी उपलव्ध गराई रु.४९ लाख ४४ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **लघु उद्यम विकास कार्यक्रम:**

लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.४१लाख विनियोजन भएकोमा रु.१० लाख ६० हजार खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:

१. **कार्यक्रम बाँडफाँड**-गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसुची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसुची ३को ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन। निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधिमा पहुँच तथा हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम शीर्षकको जम्मा रु १०लाख ६० हजार कार्यक्रममा बजेट खर्च गरेको देखिन्छ।निर्देशिकाले तोकेनुसार सबै चरणको कार्यक्रम गर्नु पर्ने देखिन्छ।

२. **प्रविधिमा पहुँच तथा हस्तान्तरण**-गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३)मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा पालिकाले तालिम दिई नयाँ सृर्जना भएको उद्यमीलाई कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न तालिम संचालन गरेको भएतापनि उद्यमीलाई कुनै प्रकृतिको प्रविधि हस्तान्तरण गरेको पाइएन। पालिकाले निर्देशिका बमोजिम छनौट भएको उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३. **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन।अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको

तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ। साथै गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदाँ २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सिप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले सीप विकास तालिममा उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले निर्देशिकामा भएको व्यवस्था पालना भएको छैन। पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **कृषि तथा पशु तर्फ**

कृषि तथा पशु तर्फ २२ कार्यक्रममा रु.९० लाख ०२ हजार बजेट मध्ये रु. ६२ लाख २९हजार खर्च भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

४९.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा प्रयाप्त विल भरपाई पेश भए नभएको तथा प्रचलित कानुन अनुसार भए नभएको यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको भौचर नं बाट ५० प्रतिशतअनुदान बापत गहुँको बिउँ वितरण गरेको स्रेष्ता पेश गरी रकम भुक्तानी भएकोमा पालिकाले उक्त वितरण भएको विउको किसान छनौटको आधार, विउ उचित प्रयोग भए नभएको बारेमा अनुगमन गरी त्यसको सहि सदुपयोग पहिचान गर्नुपर्नेमा सो गरेको नदेखिएको हुँदा उक्त कार्य गरेर मात्र भुक्तानी दिनुपर्दछ।

| गोभौ न र मिति | खरिद संस्थाको नाम | विवरण | जना | रकम | ५०% अनुदान |
|---|---|---|---|---|---|
| २०।०८०।७।२० | कृषि सामाग्री कम्पनी लि.हेटौडा | गहुँको विउ १३०००केजी | ३२५ | १०४०००० | ५२०००० |
| ५।०८०।८।२ | | गहुँको विउ ७६००केजी | १९० | ६०८००० | ३०४००० |
| जम्मा | | | ५१५ | १६४८००० | ७२४००० |

सैद्धान्तिक बेरुजु

४९.२ **अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघीय संरचना अनुसार दोहोरोपना नहुने गरी वितरण गरी रकमको पुर्ण सदुपयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९.३ **अनुदान विवरण:** पालिकाले पालिकाबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन। यसले अभिलेख नराखी पटक पटक एकै फर्म तथा व्यक्तिलाई अनुदान उपब्ध गराए नगराएको यकिन गर्न सकिएन पालिकाले विवरण अध्यावधिक राखी पटक पटक दोहोरो अनुदान हुन सक्ने अवस्थाको अन्त्य गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५० **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५ , सामाजिक सुरक्षा नियमावली-२०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिती-२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि-२०७७ को प्रावधान

वमोजिम गर्नुपर्ने व्यवस्था छ। नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१४१५४६२०० प्राप्त भएकोमा रु. १४१३६०७५९।८९वितरण गरी रु.१८५४४०।११फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिन्छ।

| त्रैमासिक | संख्या | वितरित | रिजेक्ट | जम्मा | फिर्ता | कुल वितरण |
|---|---|---|---|---|---|---|
| १ | ६७१७ | ६७१२ | ५ | ३४८७१७५० | ५२६९६.८९ | 34819053.11 |
| २ | ६८३२ | ६८२९ | ३ | ३५१०२१७० | २७२०४.०९ | 35074965.91 |
| ३ | ६८६० | ६८५९ | १ | ३५४०३५८६ | १०५५४०.०२ | 35298045.98 |
| ४ | ६९३२ | ६९३१ | १ | ३६१६८६९४ | ० | 36168694.00 |
| जम्मा | | | | १४१५४६२०० | १८५४४०.११ | 141360759.89 |

५०.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। छनौटगत रुपमा निष्कृय(Dormat) खाताको वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन भएको देखिएन। निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचीवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो। साथै लाभग्राहीको नाममा मृत्यु दर्ता पछि मात्र लगत कट्टा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण नभई बैंकमा बाँकी देखिन्छ। जसका केही उदाहरणहरु अनुसुचीमा निम्नानुसार छन्। (विवरण अनुसुचीमा संलग्न गरिएको छ)

पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझी लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था यकिन गरी पालिकाले समयमै छानविन गरि लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

५०.२ १. पालिकाले भत्ता वितरण कार्यविधि-२०७७ बमोजिम भत्ता बैंकमा पठाएको फरवार्ड फिड र वितरण पश्चात रिभर्स फिड माग गरी विवरण अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। यसरी यस वर्ष निकासा भएको रकम रु. १४१५३५७३९को वितरण भई प्राप्त विवरणमा रु. १४१५४६२०० मात्र वितरण भएको देखिएकाले फरक भएको रकम रु.१०४६१ रिजेक्ट भएको र रिभर्स भएको पालिकाले जनाएको छ। लाभग्राही पहिचान गरी स्रेष्ता अध्यावधिक गर्नुपर्ने देखिन्छ।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदाँ नं २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निष्कृय खाता(Dormat Account)को विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ।प्रत्येक त्रैमासिकमा ३ जनाका दरले खाता रिजेक्ट समेत भएकाले पालिकाले विवरण निष्कृय खाताको विवरण माग गरी खाता अध्यावधिक गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५०.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धीत वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरि बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई छानविन गरेको तथा बैंकले वितरण गरि बाँकी रहेको

रकम समयमा फिर्ता गरेको पाइएन। बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को नियम २७ मा पालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण प्रकृयाको निरन्तर अनुगमन र निरिक्षण समेत गर्नुपर्ने व्यवस्था बमोजिम स्पष्ट्र रुपमा पहिचान गरी नामनमेसी खुल्ने गरि भत्ता रकम संघीय संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ। मृत्यु पश्चातको भत्ता पालिकाले यस वर्ष चौथो त्रैमासिकमा लगत कट्टापछि खातामा गएर बाँकी रु. ४८८८४। रकम अन्य समेत पहिचान गरी फिर्ता गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,८८४ |

# अनुगमन लेखापरीक्षण

५१

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८०/८१ सम्मको बाँकी बेरुजु रु.... मध्ये रु ... फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **हरिपुर नगरपालिका, सर्लाही** को २०८०/८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ४७४३४७००० | ० | ३८०१४६६९.०६ | ० | ५१२३६१६६९.०६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हरिपुर नगरपालिका, सर्लाही , हरिपुर नगरपालिका , सर्लाही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओम प्रकाश महतो | २०८०-११-३० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | कमल बहादुर कार्की | २०८०-६-३० | २०८०-११-२७ |
| कार्यालय प्रमुख | दिवाकर भुजेल | २०८०-४-१ | २०८०-६-२४ |
| लेखा प्रमुख | भुपेन्द्र कुमार सिंह | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५७१,९६४ | १०,४५७,०५८ | ३०,१६१,९१९.५६ | ० | ० | १,०५०,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ४३,२४०,९४१.५६ |
